# जलेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जलेश्वर महोत्तरी प्रदेश नं २, नेपाल

कार्यलय :०४४-५२००८७
फैक्स : ०४४-५२०१४३
वारुणयन्त्र : ०४४५२००९७

पत्र संख्या :- २०७७/०७८
चलानी नम्बर :- २५३३

मिति :- २०७८/०१/१५

विषयः सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।

श्री वडा कार्यालय सवै,
जलेश्वर नगरपालिका ।

प्रस्तुत विषयमा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अनुसार सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत आवास निर्माणको लागि यसै साथ संलग्न सुचना बमोजिम वडामा सुचना प्रकाशन गरी घरधुरी सर्वेक्षण कार्य घर र व्यक्ति समेतको फोटो सहितको विवरण तथा निवेदन संकलन गरी ३ दिन भित्र यस जलेश्वर नगरपालिकाको कार्यालयमा पठाईदिनु हुन आदेशानुसार अनुरोध छ । सो संग सम्बन्धित सुचना फारम, निवेदन फारम तथा सर्वेक्षण फारम यसै साथ संलग्न गरी राखिएको छ ।

..................................
शाखा अधिकृत

“पवित्र , सुन्दर , हरित , समृद्ध जलेश्वर”

Web:www.jaleshwarmun.gov.np, email:info@jaleshwarmun.gov.np

...............नगरपालिका

.......नं. वडा कार्यालय

# सूचना ! सूचना !! सूचना !!!

मिति : २०७७/..../...

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन, २०७५बमोजिम उपयुक्त, सुरक्षित र वातावरण मैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखा मुनीरहेका, प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्ता पाता लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घरपरिवारलाई जस्ता पाताको छाना मुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" को दफा१०(ख)अनुसार सम्वन्धित वडा कार्यालय मार्फत १० (दश)दिने सूचना जारी गर्ने निर्णय भएकोले यस वडा कार्यालयको क्षेत्रभित्र उपरोक्त अनुसारको घरधनीहरुले यस कार्यालयवाट निःशुल्क रुपमा निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी १० (दश) दिन भित्र वडा कार्यालयमा बुझाउनु हुन सम्वन्धित सवैलाई अनुरोध गरिन्छ । साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

....................................

वडा अध्यक्ष

.......................नगरपालिका

..... नं. वडा

लाभग्राहीको :

सही: ..............................................

नाम थर :.........................................

सम्पर्क मोवाईल नं.: ...........................

| लाभग्राहीको औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

नोट : सगोलको परिवारका सबै व्यक्तिहरुको लागि एउटै लाभग्राही सर्वेक्षण फर्म मात्र भर्नु पर्नेछ । परिवारसंग छुट्टिएर बसेको भए सम्पत्ति अंशवण्डा भएको प्रमाण वा गाँउपालिका/नगरपालिकाको प्रमाण पेश गर्नुपर्नेछ । एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यहरुलाई सगोलका परिवार मानिनेछ । खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिवार मानिदैन । सर्वेक्षणकर्ताले निवेदकको घरको स्थलगत निरिक्षण गरी हाल प्रयोग गरिरहेको घर एवं जग्गाको वास्तविक सत्य तथ्य अनुसार मात्र फर्म भर्नु पर्नेछ । सम्बन्धित गाँउपालिका/नगरपालिका कार्यालयले पनि सत्यतथ्यको आधारमा रही मात्र सगोल परिवार भए/नभएको सिफारिस गर्नुपर्नेछ । झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमबाट वंचित गरी कानूनी कारवाही गरिनेछ ।

सर्वेक्षणकर्ताको :

सही: ..............................................

नाम थर :.........................................

पद : ..............................................

कार्यालयको नाम :..............................

मिति :..............................................

सम्पर्क मोवाईल नं.:...........................

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

# संघीय आयोजना कार्यान्वयन इकाई/सघन शहरी तथा भवन निर्माण आयोजना.........

## सुरक्षित नागरिक आवास कार्यक्रम
## लाभग्राही सर्वेक्षण फारम
## (आ.व.२०७६/७७ को नयाँ कार्यक्रम)

..............गाँउपालिका/नगरपालिका, ........जिल्ला

| | |
|---|---|
| १. सर्वेक्षण घरधनी क्रम संख्या | |
| व्यक्तिगत विवरण | |
| नाम, थर (अंग्रेजीमा):.................................<br>नाम, थर (नेपालीमा):.................................<br>ठेगाना : जिल्ला :...................गा.पा./न.पा...............<br>वडा नं............ गाउँ/टोल :............... | बाबु/पतिको नाम, थरः.........................<br>बाजे/ससुराको नाम, थरः.........................<br>सम्पर्क फोन नं. :............................. |

क. लाभग्राहीको परिवारको संख्या :

ख. निवेदकसंग तपशिल बमोजिमको कुन प्रमाण छ, सोमा चिन्ह लगाउने ।

| क्र.स. | तपशिल | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि | छ ☐ /छैन ☐ |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/ आसवेसटस आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ३ | गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ५ | विगत देखी त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ६ | प्रकोपका कारण घरबारविहीन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ७ | गरीवीको रेखामुनी रहेका लाभग्राहीको सम्वन्धमा सम्वन्धित स्थानीय तहको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ८ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |

२. हाल उपभोग/बसोवास गरिरहेको घरको विवरण :

क. निवेदकले प्रयोग गरिरहेको घरको संख्या:

ख. घरको लम्वाई.............. घरको चौडाई ...........घरको क्षेत्रफल ............. वर्गफिट

३. घरको गारो/पर्खालको किसिम (५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने):

क. बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/ स्याउलाको टाटी ☐

ख. नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी ☐

ग. मिलेको ढुङ्गाको गारो तथा पकेका ईंटामा माटो/सिमेन्टका जोर्नी ☐

४. घरको छानाको किसिम :

क. फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि ☐

ख. खपडा, टायल ☐

ग. ढलान, कर्कट पाता ☐

५. जग्गाको स्वामित्व :

क. लालपुर्जा भएको वा गाँउब्लक(स्वामित्व पाउन सकिने) वा स्थानीय निकायको सिफारिस (स्वाबासी र विवाद रहित जग्गा) ☐

ख. नदी/नहर/ताल किनारमा बसोवास गरी रहेको ☐

६. घरमूलीको हकमा:

क. अति विपन्न, असहाय, अशक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका ☐

ख. आन्य ☐

(माथी उलेलेखित सम्पूर्ण विवरण एवं जानकारीहरु साँचो हुन्, उक्त विवरण म आफैं राजिखुसी साथ यथार्थ रुपमा कुनै दबाव विना दिएको हुँ । यसमा झुठा ठहर भएमा कानून बमोजिम सहुँला, बुझाउँला भनी यस सर्जमिन फारम सहि गर्ने ।)